नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०७८।०९।२०

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७८।०९।२० मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला काठमाडौं, नागार्जुन नगरपालिका वडा नम्बर १, नर्सरीचोक स्थायी ठेगाना भएका आनसान इन्टरनेशनल प्रा.लि. (स्था.ले.नं.३०१३३०५६३) को संञ्चालक **शोभाकान्त ढकाल, सरोज ढकाल, उमा कुमारी ढकाल, सान्टु श्रेष्ठ** तथा
- जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नम्बर ७ सुन्धारा स्थायी ठेगाना भएका आनसान इन्टरनेशनल प्रा.लि. (स्था.ले.नं. ३०१३३०५६३) को लेखापरीक्षक तथा लेखापरिक्षण गर्ने फर्म राजेश्वर एण्ड कम्पनी (स्था.ले.नं. ३०१४४३६०३) का प्रोपराइटर **राजेश्वर श्रेष्ठ** ।

२. **कसुरको संक्षिप्त विवरणः** उक्त फर्मले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विवरण, बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी कारोबार नै नभएको देखाई अर्थात कारोबार शुन्य देखाई प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), (च) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. ४२,२६,०७,३५१।-, आयकर तर्फ रु.६८,४८,२६,०९७।- र लाभासं तर्फ रु. ९,७४,८४,३७६।-** समेत जम्मा हुन आउने कुल विगो रु.**१,२०,४९,१७,८२४।- (एक अर्व वीस करोड उनन्चास लाख सत्र हजार आठ सय चौविस रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजबाट विगो **रु. १,२०,४९,१७,८२४।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु.१,२०,४९,१७,८२४।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम हदैसम्मको ३ वर्षसम्म कैद सजाय हुन र उक्त फर्ममा राजस्व चुहावटमा सहयोग गरेकोले ऐनको साविक दफा २३ को उपदफा (२) तथा (पहिलो संशोधनसमेत) दफा २३ को उपदफा (१)को देहाय (घ) बमोजिम हुने सजायमा दफा २३ उपदफा (३) बमोजिम निज प्रतिवादी राजेश्वर एण्ड कम्पनीका प्रोपाइटर लेखापरीक्षक **राजेश्वर श्रेष्ठलाई** मतियारमा आधा सजायको मागदावी गरी यो अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • **शोभाकान्त ढकाल**<br>• **सरोज ढकाल**<br>• **उमा कुमारी ढकाल**<br>• **सान्टु श्रेष्ठ**<br>• **राजेश्वर श्रेष्ठ** | १,२०,४९,१७,८२४।- | १,२०,४९,१७,८२४।- | २,४०,९८,३५,६४८।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**